# शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

## लवनी, कपिलवस्तु, लुम्बिनी प्रदेश

### सेवा करारमा लिने सम्बन्धि सूचना

सूचना प्रकाशन मिति २०७७/०९/०९ गते

यस शुद्धोधन गाउँपालिका गाउँकार्यपालिका लवनी कपिलवस्तुको लागि देहाय बमोजिमको पदमा तपसिल बमोजिमको संख्या र योग्यता भएको प्राबिधिक कर्मचारी नेपाल सरकारबाट स्थायी कर्मचारी पदपूर्ति भएमा सही बखत वा आ.ब.०७७/०७८ असार मसान्त सम्मका लागि सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दरखास्त दिन सकिनेछ। अनुभवी र स्थानीयलाई ग्राह्यता दिईनेछ।

| क. सं. | बिज्ञापन नं. | पद | सेवा/समूह | तह | आवश्यक संख्या | सेवा सुविधा |
|---|---|---|---|---|---|---|
| १ | १/०७७/०७८ | हेल्थ असिष्टेण्ट | हेल्थ इन्स्पेक्सन | सहायक पाँचौं | २ जना | नियमानुसार |
| २ | २/०७७/०७८ | अ.हे.व. | हेल्थ इन्स्पेक्सन | सहायक चौथौ | ९ जना | नियमानुसार |
| ३ | ३/०७७/०७८ | अ.न.मि. | प.हे.न./क.न. | सहायक चौथौ | २ जना मध्ये १ जना SBA तालिम प्राप्त अनिवार्य | नियमानुसार |

**(क) शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिक हुनुपर्नेछ।

२. मान्यताप्राप्त शिक्षण संस्थाबाट कम संख्या १ को लागि प्रमाणपत्र तह (एच.ए.) र बाँकीको हकमा एस.एल.सि.(सि.एम.ए.) वा सोसरह उतिर्ण गरेको, सम्बन्धित बिषय वस्तुसंग मिल्ने न्यूनतम शैक्षिक योग्यता साथै नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ताभएको हुनपर्नेछ।

३. उमेरको हकमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको हुनुपर्नेछ। महिलाको हकमा ४५ बर्ष।

४.अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको हुनुपर्नेछ।

**(ख) दरखास्तमा संलग्न हुनु पर्ने कागजातहरु :**

१. लोकसेवा आयोगबाट निर्धारित दरखास्त फारम

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

३. शैक्षिक योग्यता तथा कार्य अनुभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी

४. पेश गरिने सबै कागजातको प्रतिलिपीमा पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्नेछ।

**(ग) परिक्षाको किसिम :**

१.छोटो सूची।

२.अन्तरवार्ता।

**(घ) आबेदन दिने तरिका :**

आवश्यक कागजात सहित प्राइम कमर्शियल बैंक शुद्धोधन शाखा लबनीमा रहेको यस गाउँपालिकाको सञ्चित कोष खाता नं ०६३०००२७३ CA मा रु.५००। जम्मा गरि सो को सक्कल भौचर संलग्न राखी दरखास्त फारम भरि आबेदन दिनुपर्नेछ।

**(ङ) अन्य :**

१. कम संख्या १ देखि ३ सम्मका उम्मेदवारहरुको छनौट पश्चात यस गाउँपालिका अंन्तरगतका स्वास्थ्य चौकीहरुमा खटाईए अनुसार कामकाज गर्नुपर्नेछ।

२. बिदा लगायत अन्य सेवा/सुबिधा गाउँपालिकासँग हुने करार समझौता बमोजिम हुनेछ।

३. सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु उम्मेदवार छनौट तथा सिफारस समितीले निर्धारण गरे बमोजिम हुनेछ।

४. छोटो सूची प्रकाशन र अन्तरवार्ताको मिती सम्बन्धमा यस गाउँपालिकाको वेभसाइट https://shuddhodhanmunkapilvastu.gov.np/ बाट जानकारी प्राप्त गर्न सकिनेछ।

**पुनश्च :** गत आ.व. ०७६।०७७ मा यस कार्यालयबाट भएको सम्बन्धित पदको बिज्ञापन कोभिड १९ को कारण स्थगित भएकोले ~~ल्याब~~ असिस्टेन्ट पद बाहेक सो समयमा परेको उम्मेदवारहरुको दरखास्त फारम लाई मान्यता दिईनेछ।

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner